आज मिति २०७४।०७।२४ गते शुक्रबारका दिन दिउँसो ३:०० बजेको समयमा धनगढी उप महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

नगर प्रमुख श्री नृप बहादुर वड
नगर उप प्रमुख श्री सुशीला मिश्र भट्ट
वडा नं.१ अध्यक्ष श्री सन्तोष मुडभरी
वडा नं.२ अध्यक्ष श्री ~~नर बहादुर बम~~
वडा नं.३ अध्यक्ष श्री बल बहादुर ऐर
वडा नं.४ अध्यक्ष श्री ~~दिपक कुमार थापा~~ क्षेत्री
वडा नं.५ अध्यक्ष श्री हिरा सिंह पातली
वडा नं.६ अध्यक्ष श्री भागीराम चौधरी
वडा नं.७ अध्यक्ष श्री सिताराम राना
वडा नं.८ अध्यक्ष श्री नारायण प्रसाद बराल
वडा नं.९ अध्यक्ष श्री प्रेम बहादुर भण्डारी
वडा नं.१० अध्यक्ष श्री राजेन्द्र राना
वडा नं.११ अध्यक्ष श्री गंगाराम राना
वडा नं.१२ अध्यक्ष श्री गणेश प्रसाद जोशी
वडा नं.१३ अध्यक्ष श्री बिजय राज जोशी
वडा नं.१४ अध्यक्ष श्री राम बजारी थारु
वडा नं.१५ अध्यक्ष श्री फूलराम चौधरी
वडा नं.१६ अध्यक्ष श्री लक्ष्मीनारायण चौधरी
वडा नं.१७ अध्यक्ष श्री माधव राज राना
वडा नं.१८ अध्यक्ष श्री मुरारी अधिकारी
वडा नं.१९ अध्यक्ष श्री तिलुराम चौधरी थारु
सदस्य श्री सिता राना
सदस्य श्री बसन्त कुमार ठाकुर
सदस्य श्री कल्याणी सिंह
सदस्य श्री गिता पन्त
सदस्य श्री यशोधा भण्डारी
सदस्य श्री प्रेम बहादुर वि.क
सदस्य श्री रिस्नी देवी चौधरी
सदस्य श्री प्रेम सिं विश्वकर्मा
सदस्य सचिव श्री कृष्ण प्रसाद गौतम

आमन्त्रित:

डिल्लीराज ओझा
दिजराज भट्ट
लेखनाथ ओझा
सुरेन्द्र सिंह कार्की
मिन ब० थापा
सुधरी चन्द

## निर्णय नं. १

धनगढी उप – महानगरपालिकाले आर्थिक बर्ष २०७४ / २०७५ सडक बोर्ड नेपालको सहकार्यमा संचालन हुने सडक आवधिक मर्मत कार्यको बजेट सिलिंग अनुसार तपसिल बमोजिमका सडकहरू आवाधिक मर्मत सम्भार गर्न सडक बोर्ड नेपालमा वार्षिक कार्यक्रम तयार गरी सहमतिका लागी पठाउने निर्णय गरियो ।

तपसिल

- धनगढी उप-महानगरपालिका वडा न. ५ लब्ली चौक देखी जाली जाने कालोपत्रे सडक आवाधिक मर्मत गर्ने काम
- धनगढी उप-महानगरपालिका वडा न. ५ गणेश पन्तको घर अगाडी देखी पन्चोदय पुल सम्म कालोपत्रे सडक आवाधिक मर्मत गर्ने काम
- धनगढी उप-महानगरपालिका वडा न. ५ CMA क्याम्पस देखी उत्तर AVN स्कूल सम्म कालोपत्रे सडक आवाधिक मर्मत गर्ने काम
- धनगढी उप-महानगरपालिका वडा न. ५ हरियाली मार्ग कालोपत्रे सडक आवाधिक मर्मत गर्ने काम
- धनगढी उप-महानगरपालिका वडा न. ७ हुलाकी सडक मनेहरा देखी घुइयाघाट जोड्ने कालोपत्रे सडक आवाधिक मर्मत गर्ने काम
- धनगढी उप-महानगरपालिका वडा न. ३ मिलन मार्ग कालोपत्रे सडक आवाधिक मर्मत गर्ने काम
- धनगढी उप-महानगरपालिका वडा न. ३ बडहरा बिरेन्द्र मार्ग कालोपत्रे सडक आवाधीक मर्मत गर्ने काम
- धनगढी उप-महानगरपालिका वडा न. १ नैनादेवी पुरानो हसनपुर सडक आवाधीक मर्मत गर्ने काम

## निर्णय नं. २

ध.उ.न.पा वडा नं. १६ भादा तिर्लकपुर सुखहरी खोलामा काठे पुल नभई आवत जावतमा कठिनाई भएकोले उक्त खोलामा काठेपुल पुन:निर्माण तथा मर्मत कार्य सम्पन्न भएको हुँदा उक्त कामको प्राविधिक मुल्यांकन अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

कार्यक्रम सचालन गर्न कार्यक्षेत्र तोकिएको बारे ।

पशु पंक्षि शाखावाट विभिन्न प्याकेजे कार्यक्रमहरू संचालन गर्नु पर्ने भएको तर कुन स्थानमा उक्त कार्यक्रम संचालन गर्ने भन्ने विषयमा प्राविधिक उपयुक्तताको आधारमा उक्त कार्यक्रम संचालन गर्न तपसिलका स्थानहरूमा सम्भाव्यताको आधारमा संचालन गर्ने निर्णय गरियो ।

**(पैचो कार्यक्रम)**

क) पकेट प्याकेज कार्यक्रम बंगुर महिला, जनजाती दलित बिपन्न जम्मा १५० परिबारमा संचालन (बढिमा १५ समुह)

- फुलवारी को सम्भावित क्षेत्र ५० परिबार
- उर्माको सम्भावित क्षेत्र ५० परिवार
- वेलादेवीपुर सम्भावित क्षेत्र ५० परिवार

ख) पकेट प्याकेज कार्यक्रम एकल महिला बंगुर **(पैचो कार्यक्रम)** ५० परिबार (कम्तीमा बढिमा ५ समुह)

Scanned by CamScanner

- फुलबारी को माग भएको क्षेत्र २५ परिवार
- देवरिया धनगढी गाउ २५ परिवार

ग) पकेट प्याकेज कार्यक्रम बाखा पैचो महिला, जनजाती, दलित एकल १०० परिवार (वढीमा १० समुह)

- १ देखि ५ वडा सम्म

घ) पकेट प्याकेज कार्यक्रम गाई भैसी ५० परिवार (बढिमा ५ समुह) १ देखि ३ वडा सम्म

निम्न स्थानहरूमा हरेक वर्ष कार्याक्रम सञ्चालन गर्दै लैजाने तर यस वर्षको हकमा नजिकका कुनै दुई स्थानवाट कार्यक्रम सञ्चालन गर्न सहज हुने भएकोले क्रमशः बंगरा कटान, धनगढी गाउ, साईले कटान, सन्तोषी टोल, पुरानो भन्सार विशालनगर, बडहरामा ५ समुह सञ्चालन गरि कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

## निर्णय नं. ४

आर्थिक नर्म्सको स्पष्टता सम्बन्धमा

स्थानिय निकायवाट सञ्चालित कार्यक्रमहरूका लागी र्कायक्रम संचालन गर्न आर्थिक नर्म्स वनि नसकेको अवस्थामा कार्याक्रम खर्च र सञ्चालनमा अस्पष्टता भएकाले नेपाल सरकारले तोकेको आर्थिक नर्म्समा उल्लेख नभएका तपसिलका कार्यक्रमहरूको लागी निम्नानुसार खर्च गर्ने निर्णय गरियो ।

क) गाई भैसीको प्याकेज अन्तरगत कृ.ग गरि

व्याएका गाई भैसीलाई सुत्केरी भत्ता प्रति जनावर ५०००।

ख) खरिद गरि ल्ड़ाएका गांई भैसीलाई ढुवानी अनुदान प्रति जनावर ५०००।

ग) साईलोपिट अनुदान प्रति पिट २५०००।

घ) कम्पोष्ट पिट अनुदान प्रति पिट २५०००।

ङ) बाखाको निजि तथा व्यवसायिक फार्म (२५ माउ वाखा भन्दा माथि)

सुदृढीकरण अनुदान ५००००।

च) गाई भैसी को खोर अनुदान प्रति खोर ५०००।

छ) डेरी पसल सुधार तथा अनुदान प्रति पसल ५००००।

ज) टयागिङ. गर्ने प्राविधिकका लागि टयागिंग गर्दाको पारिश्रमिक पृति जानावर १०

## निर्णय नं. ५

नगरपालिकामा रहेका गाई गोरूलाई टयागिंग सम्वन्धमा

धनगढी नगर पालिकामा रहेका सामुदायिक तथा घर पालुवा जनावर व्यवस्थापन गर्ने उदेश्यले निम्नानुसार बजेट व्यवस्थापन गरिएको

शिर्षक नं ३२७१०३ मा सामुदायिक

पशु व्यवस्थापनको लाथि विभिन्न शिर्षकमा ५१०००,

धर पालुवा जनावरको तथ्यांक लिनको लागि विभिन्न शिर्षकमा ३५००० ,

Scanned by CamScanner

नगर पालिकाबाटै रकम सञ्चालित सामुदायिक

पशु व्यबस्थापन कार्याक्रम अन्तरगत धर पालुवा

जनावरलाई दर्ता बिभिन्न शिर्षकमा २७०००

बन्धुवा पशुपालन दर्ता ५५०००

संकलन गरिएका पशु ढुवानी ५००००

माथि उल्लेख भएको रकम सामुदायिक पशु व्यबस्थापनको लागि बिभिन्न शिर्षकमा जम्मा रू २१८००० रकम विनियोजन भएको तर टयागिंड. शिर्षकमा रकम अपुग भई कार्याक्रम सञ्चालन गर्न कठिन देखिएको र हालको अवस्था अनुसार नगर पालिकामा टयागिंड. गर्न अत्यावस्यक देखिएकोले उक्त रकम वाट प्रति टयाग रू ६०, प्राविधिक पाश्रिमिक रू १०, औषधि खर्च रू ५ गरि प्रतिजनावर ७५ र ५ गोटा मेसिन खरिदको लागि १४००० खर्च हुने भएकोले सो को आधारमा,२७०० जनावरमा मात्र टयागिंग गर्न सकिने भएकोले उक्त रकम टयागिंग कार्यको लागि खर्च गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

अनुगमन सम्बन्धमा

मासु पसलको अनुगमन कार्य संयुक्त रूपमा सम्पन्न भई सकेको तर फार्म ह्याचरी औपधि पसलको अनुगमन गर्न बांकी रहेकोले नगर भित्रका फार्म ह्याचरी औपधि पसल नगर पालिकाकै रोहवरमा अनुगमन कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

दैनिक भ्रमण भत्ता सम्बन्धमा

पशु पंक्षि शाखाको लागी तयार पारिएको वजेट कार्यक्रममा नगर पालिका क्षेत्रमा सञ्चालित कार्यक्रमका लागि दैनिक भ्रमण भत्ता विनियोजत गरिएको तर नगर पालिका क्षेत्र भित्र दैनिक भ्रमण भत्ता खर्च गर्न नमिल्ने भएकोले उक्त रकम अनुगमन कार्यमा गाडि भाडामा लिई खर्च गर्ने, तर सामुदायिक (छाडा) पशु व्यवस्थापनको सिमेण्ट डुंड निर्माण निर्माण खरिद ढुवानी को कार्यक्रममा भ्रमण खर्च २२७११ मा ५०,०००। राखिनु पर्ने मा तलव शिर्षक २१११ मा देखिएकोले सच्याई भ्रमण खर्च २२७११ मा नै राख्ने निर्णय गरियो ।

Scanned by CamScanner

## निर्णय नं. ८

महिला विकास कार्यक्रम अन्तर्गत छुट्ट्याइएको बजेट बाट देहाय बमोजिमका कार्यक्रमहरु आ.व. २०७४/०७५ का लागि स्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

| क.स | कार्यक्रम र क्रियाकलाप | इकाई | वार्षिक लक्ष्य | | चौमासिक विभाजन | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | |
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| क | चालु खर्च शीर्षकबाट संचालन कार्यक्रम | | | | | | | | | | |
| क | लक्षित समुह सहभागीता | | | | | | | | | | |
| १ | नगरपालीकाका वडामा समुहगठन | समुह | १२ | ६ | १२ | ६ | | | | | |
| १.२ | समिति गठन र परिचालन निगरानी समुह समेत | समिति | २ | १० | २ | १० | | | | | |
| ख | व्यत्तित्व विकासका प्रारम्भिक प्रशिक्षण | | | | | | | | | | |
| २ | समुह सदस्यको अनुशिक्षण ३ दिननगरस्तर | जना | ६० | ५८ | | | ३० | २९ | ३० | २९ | |
| ३ | आधारभुत तालिम ७ दिने | जना | ६० | ३५२ | | | ३० | १७६ | ३० | १७६ | |
| | | | | | | | | | | | |
| ४ | नेतृत्व तथा सस्थागत विकास तालिम ५ दिने | जना | ३० | १५७ | - | - | ३० | १५७ | | | |
| ५ | प्रजनन स्वास्थ्य सचेतना तालिम ५ दिने | जना | २५ | १२५ | - | - | २५ | १२५ | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| ग | महिला समिति अन्तरगर्त व्यवसायिक समुह विकास | | | | | | | | | | |
| ६ | सहभागितात्मक लेखाजोखा विधिबाट व्यवसाय छनौट तथा कार्य योजना तयारी | पटक | २ | १८ | | | १ | ९ | १ | ९ | |
| ७ | सिप तथा व्यवसायिकता विकास तालिम ७ दिने | जना | ४० | २६८ | | | २० | १३४ | २० | १३४ | |
| ८ | स्थलगत प्राविधिक निरीक्षण परामर्श तथा पुनर्अभ्यास | पटक | २ | १८ | | | १ | ९ | १ | ९ | |
| ९ | व्यवसाय स्थापना खर्च अनुदान प्रति व्यक्ति ३५०० | जना | ४० | १४० | | | २० | ७० | २० | ७० | |
| १० | कार्यक्षेत्रका प्रत्येक वडामा चौमासिक साथ सम्पर्क | पटक | | | | | | | | | |
| घ | बालअधिकारको सम्वर्धन | | | | | | | | | | |

Scanned by CamScanner

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बाल क्लवका पदाधिकारीहरुलाइ ३ दिने सचेतना तालिम | जना | ३० | ७० | | | | | ३० | ७० | |
| १२ | बालकल्याण समितिको बैठक | पटक | ३ | ७५ | १ | २५ | १ | २५ | १ | २५ | |
| | | | | | | | | | | | |
| ङ. | लैंगिक हिंसा निवारण | | | | | | | | | | |
| | | | | | | | | | | | |
| १३ | छाउपडी प्रथा उन्मुलन जिल्ला स्तरीय बैठक संचालन | पटक | २ | ४० | - | - | १ | २० | १ | २० | |
| १४ | लैंगिक हिंसा निवारणका लागि अन्तरपुस्ता अन्तर्रक्रिया, ३ दिने वडा स्तरीय | जना | ३० | २९ | | | ३० | २९ | | | |
| १५ | महिला सहकारी का पदाधिकारीहरुलाइ महिला अधिकार सम्बधि कानुनि सचेतना तालिम, ३ दिने | जना | २५ | ६५ | | | २५ | ६५ | | | |
| च | सामुदायिक संरक्षण तथा सम्प्रेषण सेवा | | | | | | | | | | |
| १६ | समुदायमा आधारीत संरक्षण प्रणाली तालिम,७दिने नगरस्तरीय | जना | ३० | १७६ | | | - | | ३० | १७६ | |
| छ | ज्येष्ठ नागरिक कार्यक्रम तर्फ | | | | | | | | | | |
| १७ | जेष्ठ नागरिक कल्याण समितिको बैठक | पटक | ३ | ३६ | १ | १२ | १ | १२ | १ | १२ | |
| १८ | ज्येष्ठ नागरिक सम्वन्धमा विद्यालय स्तरीय अन्तरपुस्ता सीप हस्तान्तरण सम्बन्धि अभिमुखिकरण | विद्यालय | १ | २९ | | | | | १ | २९ | |
| ज | अपांगता तर्फ | | | | | | | | | | |
| १९ | वडाका वडा सचिव लगायतलायत लाइ अपांग परिचयपत्र सम्बन्धि जानकारीमुलक अन्तर्क्रिया १ दिने नगरस्तरीय | जना | २० | ४५ | | | २० | ४५ | | | |
| २० | अपांग सुचना केन्द्र संचालनका लागी दोभासे | पटक | १२ महिना | ५१ | | | १ | ५१ | | | |
| | कुल जम्मा | | | १७६८ | | | | | | | |
| | | | | | | | | | | | |

**निर्णय नं. ९**

धनगढी उप-महानगरपालिकाको स्वामित्वमा रहको बस विसौनीमा आउने जाने वास एवं अन्य सवारी साधनको पार्किंग शुल्क र बसपार्क निर्मित भवनको भुइँ तल्ला समेत आ.व. २०७४/७५ का लागि रु ७५,००,०००/- मा धनगढी उ.म.न.पा. २ निवासी दामोदर कठायतको नाममा बसपार्कको ठेक्का सम्झौता भएको हुदा मिति २०७४ कार्तिक ७ गते प्रमुख जिल्ला अधिकारी ज्युको अध्यक्षतामा बसपार्क व्यवस्थापन सम्बन्धमा बसेको सर्वपक्षिय बैठकले मिति २०७४ कार्तिक १४ गते भित्र बस पार्क खालि गरी बसपार्कको निर्माण कार्यमा सहयोग गर्न निर्णय भए अनुसार मिति २०७४/७/१४ गते ठेकेदार बाट जानकारी तथा बैंक ग्यारेन्टी फुकुवा सम्बन्धमा निवेदन पेश भए अनुसार कार्तिक सम्मको हिसाब मिलन गरी मिति २०७४/८/१ गते देखि लागु हुने गरी ठेक्का सम्झौता रद्ध गरी नियमानुसार रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा गर्ने निर्णय गरियो |

**निर्णय नं. १०**

यस उप-महानगरपालिका बाट संचालित विकास योजनाहरु योजना सम्झौता भइ सम्झौता मितिमा योजना सम्पन्न गर्ने सझौता भएता पनि उक्त योजनाहरु निर्धारित मिति भित्र सम्पन्न हुन नसकेको हुदा सार्वजनिक खरिद नियमावलीको नियम १२० अनुसार ठेकेदार र उ.स. अध्यक्ष्यले निर्धारित मितिमा कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गर्दा गर्दै वर्षको समय, श्रोत र साधनको कमि जनशक्तिको अभाव जस्ता कारणले ती योजना तोकेको समयमा सम्पन्न हुन नसकेको हुदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उप नियम ३ अनुसार आ.व. ०७४/७५ को नगर विकास योजना पुस्तिकाको पेज नं. १३८-१४५ सम्म उल्लेख गरिएका ८५ योजनाको म्याद थप २०७४ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो |

**निर्णय नं. ११**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र एकिकृत सम्पति कर वा घर जग्गा कर लगाउने प्रावधान भएको साथै २०७५ साउन १ गते बाट एकिकृत सम्पति कर मात्र लगाउन पर्ने बाध्यात्मक व्यस्था बमोजिम यस उ.म.न.पा को क्षेत्रभित्र एकीकृत सम्पति कर लागु नभएका र भएका सम्पूर्ण वडाहरुको नया प्रक्रियागत रुपमा घर जग्गाको मुल्यांकन कायम गरी एकिकृत सम्पति कर लगाउने प्रयोजनका लागि प्रतिवेदन तयार गरी राजश्व परामर्श समितिमा पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो |

- राजश्व शाखा प्रमुख – संयोजक
- योजना तथा प्राविधिक शाखा – सदस्य
- एकीकृत सम्पति कर शाखा – सदस्य
- घर नक्सा फाट – सदस्य
- प्रशासन शाखा – सदस्य

**निर्णय नं. १२**

नगरपालिकामा काम गर्न आएका शिक्षा कर्मचारीहरुको क्षेत्राधिकार सम्बन्धी १८ बुदे पत्र अनुसारका काम कारवाही आगाडी बढाउने निर्णय गरियो |

**निर्णय नं. १३**

Scanned by CamScanner

उप-महानगरपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा कार्यरत स्वीकृत दरबन्दीका शिक्षकहरुको तलव भत्तामा प्राप्त बजेट प्रथम चौमासिकको तलव भत्ता भुक्तानी गर्दा सबै खर्च भैसकेकोले नपुग तलब भत्ता माग गर्ने निर्णय गरियो।

## निर्णय नं. १४

स्थानीय तह संचालन सम्बन्धमा वडा अध्यंक्ष्य, कार्यपालिका सदस्य, वडा सदस्य, वडा सचिव, शाखा प्रमुख समेत लाई प्रशिक्षण कार्यक्रम संचालन गर्न ग्रामिण प्रशिक्षण केन्द्र डोटी को मिति २०७४/७/१६ को प्राप्त पत्र अनुसार यस न.पा. को लागत सहभागितामा ३ दिने प्रशिक्षण कार्यक्रम उपयुक्त समयमा संचालन गर्ने निर्णय गरियो।

## निर्णय नं. १५

सबै सरकारी कार्यालयहरुमा प्रतिनिधि भै जानुपर्ने अवस्थामा सम्बन्धित वडाको निर्वाचित वडा अध्यक्ष वा सदस्यहरुलाई अनिवार्य प्रतिनिधिका रुपमा पठाउने व्यवस्था मिलाउने निर्णय गरियो।

## निर्णय नं. १६

सामाजिक विकास शाखाको क्षेत्राधिकारमा पर्ने सामाजिक विकास सम्बन्धी कार्यहरु उप-महानगरपालिका स्थापना भएका विषयगत शाखाहरुका प्रमुखहरुलाई जिम्मेवारी दिई कार्यन्वयन गर्ने निर्णय गरियो।

## निर्णय नं. १७

उप-महानगरपालिका क्षेत्र भित्र आगलागी हुनगई क्षेति भएका व्यक्तिहरुलाई निवेदन र प्रहरी मुचुल्काको आधारमा निम्न बमोजिम क्षेतिपूर्ति उपलब्धि गराउने निर्णय गरियो।

| विवरण | क्षतिपुर्ति रकम |
|---|---|
| १ लाख सम्म | ५००० |
| १ - ५ लाख सम्म | ७००० |
| ५ - १० लाख सम्म | ९००० |
| १० - २० लाख सम्म | ११००० |
| २० - ३० लाख सम्म | १३,००० |
| ३० - ४० लाख सम्म | १५,००० |
| ४० - ५० लाख सम्म | १७,००० |
| ५० लाख भन्दा माथि | १९,००० |

## निर्णय नं. १८

धनगढी उप-महानगरपालिका वडा क्षेत्रहरुका सडकमा सडक बत्ति जडान गर्ने कार्यमा खटिएका इलेक्ट्रीसियन कर्मचारीहरु संग १५ दिनका लागि काममा लगाइएका हेल्परहरुलाई प्रति दिन ४२५/- र मिस्त्रीहरुलाई ६३५/- दरले १५ दिन बराबरको रकम १९ वडाका लागि कार्य गरेका लाई वडा अध्यक्षको सिफारिसमा भुक्तानी गर्न सडक बत्ति जडान शिर्षकबाट समर्थन र भुक्तानी गर्ने निर्णय गरियो।

## निर्णय नं. १९

Scanned by CamScanner

उप-महानगरपालिकाको कार्यक्षेत्र विस्तार एवं सेवा सुबिधा छिटो छरितो उपलब्ध गराउन जनशक्तिको कमि भएको प्रशासनिक कर्मचारीहरु नया भर्ना गर्न नमिल्ने सन्दर्भमा नियमित सेवा प्रवाह गर्नको लागि नभई नहुने निम्न कर्मचारीहरुलाई कन्टेनजेंसी रकम बाट २०७४ साउन देखि अशोज महिना सम्म भुक्तानी गरेको तलब अनुमोदन गर्ने र भुक्तानी गर्ने गरी दैनिक ज्यालादारीमा कामकाज गरी आएकाको खर्च समर्थन गर्ने ।।

| क.सं | कर्मचारीको नाम थर | पद | स्तर | ठेगाना | शुरु कार्यालयमा प्रवेश / नियुक्ति मिति | स्थाई र करार र ज्यालादारी | तलब स्केल | तलब शिर्षक |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री सुन्दर वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| २ | श्री पूरन लाल वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| ३ | श्रीमती रामवेटी वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| ४ | श्रीमती रामदेवी वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| ५ | श्री रैवारी वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| ६ | श्री मुकेश वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| ७ | श्री राम कुमार वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| ८ | श्री प्रदेश चौधरी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| ९ | श्री रञ्जित वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| १० | श्रीमती गुड्डी वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | १०/१/२०५९ | ज्यालादारी | १६२३० | |
| ११ | श्री छोटेलाल वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| १२ | श्री छविनाथ वाल्मिकी | कूचिकार | श्रेणी विहिन | | ६/११/२०६० | ज्यालादारी | १६२३० | |
| १३ | श्रीमती कुन्ती देवी कोली | कूचिकार | श्रेणी विहिन | | २०६०/०९/०१ | ज्यालादारी | १६२३० | |
| १४ | श्रीमती बनकसिया चौधरी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| १५ | श्री शेर बहादुर चौधरी | कूचिकार | श्रेणी विहिन | | | ज्यालादारी | १६२३० | |
| | | | | | | | | |
| १६ | दिनेश ठकुल्ला | अ.हे.व. | | | | ज्यालादारी | २२१७० | |
| १७ | राजेन्द्र राना | अमिन | | | | ज्यालादारी | २२१७० | |
| १८ | हिरा देवी भट्ट | का.स. | | | | ज्यालादारी | १६२३० | |
| १९ | दल बहादुर सुनार | सवारी चालक | | | | ज्यालादारी | २२९२० | |
| २० | मान बहादुर थापा | हेल्पर | | | | ज्यालादारी | १६२३० | |
| २१ | हेमन्त शाही | खरिदार | | | | ज्यालादारी | २२१७० | |
| २२ | जशुदा कु. जैशी | का.स. | | | | ज्यालादारी | १६२३० | |

## निर्णय नं. २०

Scanned by CamScanner

धनगढी उ.न.पा को आर्थिक कारोबारको बैंक खाता नेपाल राष्ट्र बैंक धनगढीमा रहेको खाताहरुबाट संचालन गरिदै आएकोमा मिति २०७४/६/२१ देखि राष्ट्रिय बाणिज्य बैंक धनगढीमा खाता संचालन गरिएको हुँदा तपसिलँका नेपाल राष्ट्र बैंकको खातामा रहेको रकम राष्ट्रिय बाणिज्य बैंक धनगढी शाखामा रकमान्तरण गर्ने निर्णय गरियो।

| क्र.सं. | खाता | ने.रा.बैंक | रा.बा. बैंक | खाता |
|---|---|---|---|---|
| १ | संचित कोष | २२०४७०६-००१-०४१-५२४ | ४१७०३०४०१८१०२ | संचित कोष |
| २ | चालु खर्च खाता | २२०४७०६-००१-०२१-५२४ | ४१७०३०२०१६१०२ | चालु खर्च खाता |
| ३ | पुजीगत खर्च खाता | २२०४७०६-००१-०२२-५२४ | ४१७०३०२०२६२०२ | पुजीगत खर्च खाता |
| ४ | धरौटी | २२०४७०६-००१-०३३-५२४ | ४१७०३०३००७१०२ | धरौटी |

## निर्णय नं. २१

उप-महानगरपालिकाको प्रत्येक वडामा आएका अतिथिहरुको सत्कार एवं वडा समिति आदिको बैठक, भेलामा चिया खाजा व्यवस्थापन गर्ने प्रत्येक वडालाई खर्चको बिल भरपाईको आधारमा मासिक ५०००/- सम्मको खर्च साउन देखि अशोज सम्मको खर्च समर्थन गर्ने र आगामी महिना देखि विवध शिर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो।

## निर्णय नं. २२

उप-महानगरपालिकाका वडाहरुमा कार्यरत वडा सचिवहरुलाई सेवा प्रवाहमा छिटो,छरितो, जनपेक्षित बनाउन उत्प्रेरित गर्ने मनसायले प्रति महिना रु १५००/- का दरले उपलब्ध गराइएको प्रोत्साहन भत्ता साउन देखि अशोज सम्मको समर्थन गर्ने र आगामी महिना देखि प्रत्येक महिना उपलब्ध गराउने निर्णय गरियो।

## निर्णय नं. २३

धनगढी उप-महानगरपालिकाको वडा नं. ९, १०, ११, १२, १४, १५, १६, १७, १९ मा ल्याण्ड लाइन संचार सेवा नभएको सन्दर्भमा संचार कार्य सुचारु गरी सेवा प्रवाहलाई सुव्यवस्थित गर्न मासिक रुपमा रु १०००/- संचार वाफत मोबाइल संचालन गर्नको लागि उपलब्ध गराउने निर्णय गरियो।

## निर्णय नं. २४

गत नगरसभाका लागि टोल बस्ति देखि वडा सम्मको वडा भेलाहरु संचालन गर्नका लागि व्यानर, स्टेसनरी समाग्री एवं चिया खाजाका लागि प्रत्येक वडालाई उपलब्ध गराइएको रु ५०००/- को खर्च समर्थन गर्ने निर्णय गरियो।

## निर्णय नं. २५

फोहोर व्यवस्थापनमा खटिएका कुचिकारलाई सार्वजनिक विदाको दिनमा काम गराए वाफत प्रति दिन पाउने तलब सुविधा बाफत उपलब्ध गराइएको साउन देखि अशोज सम्मको खर्च समर्थन गर्ने र आगामी दिनमा प्रति दिन रु. २००/- भुक्तानी गर्ने निर्यण गरियो।

## निर्णय नं. २६

Scanned by CamScanner

राष्ट्रिय चाड बिजया दशमी र दिपावलीको सार्वजनिक विदाको दिन रातको पालोपहरामा खटिएका कर्मचारीहरुलाई र निरिक्षण गर्ने कार्यमा खटिएका कर्मचारीलाई नियमानुसार पाउने रकम भुक्तानी गरिएकोमा खर्च समर्थन गर्ने निर्णय गरियो |

## निर्णय नं. ३७

धनगढी उप-महानगरपालिका वडा नं. ८ को वडा कार्यालय गाउँ बस्ति देखि अलग स्थानमा रहेको र सुरक्षागार्ड १ जना चौकीदार राख्न पर्ने आवश्यकता देखिएकोले प्रति दिन रु १००/- का दरले भुक्तानी गरिएको रकम समर्थन गर्ने र आगामी महिना देखि कन्टेनजिस्नी शिर्षिक बाट भुक्तानी गर्ने निर्णय गरियो |

## निर्णय नं. २८

आर्थिक सहायता रकम उपलब्ध गराउन नगर प्रमुख/उप-प्रमुखले रकम अंक उल्लेख नगरेकोमा न्युनतम अंकको आ.स. भुक्तानी गरिएको त्यसरी भुक्तानी गरेको रकम समर्थन गर्ने निर्णय गरियो |

## निर्णय नं. २९

विगत समयमा ठेक्का स्वीकृत भइ कामकाज गर्दै आएका निर्माण व्यवसायीको सम्झौताको म्याद समाप्त भएको देखिद सम्झौता गर्ने अधिकारीले थप गर्न सक्ने म्याद समेत थप भइ समाप्त भएको हुदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम निम्न अनुसार म्याद थप गरें निर्णय गरियो |

| क्र.सं. | निर्माण व्यवसायीको नाम | सम्झौता अवधि | म्याद थप गर्ने अवधि |
|---|---|---|---|
| १ | रवि कन्स्ट्रक्सन धनगढी | २०७३/२/३२ देखि २०७३/३/२५ सम्म | २०७३/३/२५ देखि ०७४/९/३० सम्म |
| २ | के. सस साउद जेवी | २०७२/१२/८ देखि २०७४/३/३० | २०७४/३/३० देखि २०७५ असार मसान्त सम्म |

## निर्णय नं. ३०

जिल्ला स्थित विषयगत कार्यालयहरु बाट यस उ.न.पा कामकाज गर्न अधिकृत एवं सहायक कर्मचारीहरु खटिई आएका र विषयगत शाखाको कार्य संचालन गर्न कार्यालय भवनमा कोठाको अभाव रहेको सन्दर्भमा योजना शाखा छेउमा रहेको खालि छतमा ट्रसको छाना एवं कोठा व्यवस्थापन गर्दा ३ कोठा बन्न सक्ने देखिएकोले उक्त स्थानमा भैपरी विकास शिर्षक बाट खर्च गर्ने गरी ट्रसको छाना तथा कोठा बनाउने निर्णय गरियो |

## निर्णय नं. ३१

छाडा छाडीएका गाइगोरुहरुलाई एकीकृत रुपमा नियन्त्रणमा राख्न तारवार गरी खुला आकाशमुनि राखिएको हुदा जाडोयाम सुरु हुन गैरहेको सन्दर्भमा जाली सहित ट्रस खर वास काठको छाना निर्माण गरी जाली सहित भैपरी विकाश शिर्षक बाट व्यवस्थित गर्ने निर्णय गरियो |

## निर्णय नं. ३२

Scanned by CamScanner

छाडा गाइगोरु व्यवस्थित गर्न हेरालुको रुपमा कामकाज गर्ने काममा डोरहाजिरमा राखिएका निम्न हेरालुहरुलाई प्रति दिन रु. ४२५/- का दरले कन्टेनजेंसी शिर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | सिताराम राना | ध.उ.न.पा - वडा नं. ७ |
| २ | सगराम राना | ध.उ.न.पा - वडा नं. ७ |
| ३ | ठग्गा राना | ध.उ.न.पा - वडा नं. ७ |
| ४ | पृथ्वी राना | ध.उ.न.पा - वडा नं. ७ |
| ५ | बदल राना | ध.उ.न.पा - वडा नं. ७ |
| ६ | खडक बहादुर राना | ध.उ.न.पा - वडा नं. ७ |
| ७ | पूर्ण चन्द्र न्यौपाने (३ महिना) | ध.उ.न.पा - वडा नं. १८ |
| ८ | सहविर खड्का (१ महिना) | ध.उ.न.पा - वडा नं. १८ |
| | | |

## निर्णय नं. ३३

छाडा छाडीएका गाइ गोरुहरुलाई खुवाउनको लागि आवश्क पर्ने पराल आवश्कताको आधारमा खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ३४

जिल्ला कैलाली धनगढी उ.म.न.पा वडा नं. ८ बस्ने अम्बिका प्रसाद उपाध्याय बादी र धनगढी उप-महानगरपालिका कार्यालयको कार्यालय समेत प्रतिवादी भएको जालसाज मुद्धा नं. ०७४ pc-००५७ मा प्रति उत्तर वहस पैरवी लगायतका आवश्यक कार्य गर्न यस धनगढी उप-महानगरपालिका कार्यपालिकाका कानुनि सल्लाहकार अधिवक्ता भरत बहादुर सिंहलाई अख्तियारी दिने निर्णय गरियो ।

## निर्णय नं. ३५

धनगढी उप-महानगरपालिका वडा नं. ४ ओम शान्ति टोलको सडक कालोपत्रे गर्ने कार्य १८२ मि. भएको र उक्त सडक निर्माण कार्य १०५ मि. मात्र कालोपत्रे गर्ने कार्यको टेन्डर भएको तर बीचमा अधुरो रहेको ७७ मि. सडक कोलोपत्रे निर्माण कार्य थप गरी कार्य गर्दा प्रभावकारी हुने भएकोले थप ७७ मि. कालोपत्रे गर्ने कार्यका लागि रु ३५५३१४.३८/- बिनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३६

ध.उ.न.पा वडा नं. २ वैयाबेहड़ी श्री कर्ण बहादुर बाग समेतकाले बैयाबेहाडी स्थित शारदा उ.मा.वि. दक्षिण कर्ण बहादुर बागको घर देखि जंग बहादुर बलायर, गिरिराज ओझाको घर देखि दक्षिण सन्तोषीटोल जाने सडकको दक्षिण किनारमा दिवाल सहित २५ मि. लम्बाई, ९० से.मि चौडाई र ६० से.मि गहिरो पक्कि नाली निर्माण गर्नको लागि रु. ६०६३४.०१ बिनियोजन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. ३७**

धनगढी उ.म.नपा वडा नं. ४ दक्षिण कालिमर्ग अवस्थित तत्कालिन सु.प.क्षे.नि को नाममा रहेको कि.न. ४१०,४११ र १०२९ क्षेत्रफल १ बिगाह र सो जग्गा बनेको गोदाम घर समेत ध.उ.न.पा कार्यालयलाई संरक्षण गर्न दिने भनि मिति २०६८/०५/२८ को सचिव स्तरीय निर्णय भएकोमा उक्त स्थानमा व्यवस्थित तरकारी फलफुल तथा माछामासु बजार निर्माण गरी सार्वजनिक निजि साझेदारी परियोजना संचालन गरेकोमा गोदाम घर यस कार्यालयलाई पटक पटक बुझाउन साबिक श्री जिल्ला विकास समितिको कार्यालयलाई अनुरोध गर्दा पनि हाल सम्म गोदाम घर नबुझाएको कारण कार्यक्रम संचालन गर्न र तरकारी माछा मासु बजारको प्रवर्धन गर्ने कार्यमा कठिनाई परेका कारण उक्त गोदाम घर अबिलम्ब उपलब्ध गराईदिन जिल्ला समन्वय समितिको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

Scanned by CamScanner